# काठमाडौँ महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## सुन्धारा, काठमाडौँ, वागमती प्रदेश, नेपाल

**सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण**

(मिति २०८०।१०।२९ देखि मिति २०८०।१२।३०सम्मको विवरण)

**(१) निकायको स्वरुप र प्रकृतिः**

काठमाडौँ महानगरपालिका वि.स.१९७६ मा सफाई अड्डाको नामबाट स्थापना भई विभिन्न कालखण्डमा जारी भएका कानुनबमोजिम तोकिएका कार्य जिम्मेवारीहरु पुरा गर्न विभिन्न नामको कार्यालयमार्फत अविछिन्न सेवा प्रवाह गर्दै आएकोमा वि.स. २०५२ साल मंसिर २९ गते महानगरपालिका घोषणा भएको हो । स्थानीय स्वायत्त शासन ऐन, २०५५ हुँदै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम संघीय संरचना अर्न्तगत स्थानीय सरकारको रुपमा नेपालको संघीय राजधानी काठमाडौँमा अवस्थित नेपालकै जेठो महानगरपालिका काठमाडौँ महानगरपालिका हो ।

**(२) निकायको काम, कर्तव्य र अधिकारः**

यस महानगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वागमती प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

**(३) निकायमा रहने कर्मचारी विवरणः**

यस महानगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा, समुह, तह समेतको विस्तृत विवरण र महानगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भएबमोजिम काम कारवाही भइरहेको छ । उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण काठमाडौँ महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.npमा समेत राखिएको छ ।

## (४) निकायबाट प्रदान गरिने सेवाः

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वागमती प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा काठमाडौं महानगरपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

## (५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

यस महानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्ने सचिवालयहरु, समितिहरु, विभागहरु, महाशाखाहरु, शाखाहरु, ३२ वटा वडा कार्यालयहरु, आयोजना, कार्यक्रम तथा अन्य कार्यालयहरु रहेका छन् । महानगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचना अधिकारी, सहायक प्रवक्ता, विभागीय प्रमुख तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण का.म.पा.को वेबसाइट www.kathmandu.gov.np मा उल्लेख गरिएको छ ।

## (६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

यस महानगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी विवरण काठमाडौं महानगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय कानुन, नागरिक वडापत्र समेतबाट निर्धारण गरिन्छ । यस सम्बन्धी व्यवस्था काठमाडौं महानगरपलिकाको वेबसाइट www.kathmandu.gov.np मा समेत उल्लेख गरिएको छ ।

## (७) निर्णय गर्ने प्रक्रिया र अधिकारीः

यस महानगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ । महानगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, शहरी योजना आयोग, अनुगमन तथा मुल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

**(८) निर्णय उपर उजुरी सुन्ने अधिकारी:**

यस महानगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि महानगरपालिकाको केन्द्रिय स्तरमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकतत्वमा तीन सदस्यीय गुनासो सुनुवाई समितिको व्यवस्था गरिएको छ ।

**(९) सम्पादन गरेको कामको विवरण:**

यस महानगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा महानगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारवाहीहरु गर्दै आईरहेको छ ।

**(१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद:**

कार्यालय प्रमुखको नाम : प्रदीप परियार

पद : प्रमुख प्रशासकीय अधिकृत

इमेल ठेगाना : ceo@kathmandu.gov.np

सम्पर्क नम्बर : ०१-४२३२८९२

सूचना अधिकारीको नाम : वसन्त आचार्य

पद : निर्देशक

सम्पर्क नम्बर : ९८५१०८७९३८

इमेल ठेगाना :rtikmc@gmail.com

: basantakmc@gmail.com

**(११) ऐन, नियम, विनियम, कार्यविधी वा निर्देशिकाको सूची:**

काठमाडौं महानगरपालिकाले सम्बद्ध संघीय र प्रदेश कानुन बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधी, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा हाम्रो कानुन नामक होमपेजमा राखिएको छ ।

## (१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:

यस महानगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरणहरु का.म.पा.को वेबसाइट www.kathmandu.gov.np मा राख्ने गरिएको छ । चालु आ.व. ०८०।०८१ को माघ महिनाको १ गतेदेखि चैत्र मसान्तसम्ममा भएको आर्थिक कारोवारको विवरण यस प्रकार रहेको छ :

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | २०८० माघ - २०८० चैत्र | | २०८० श्रावण - २०८० चैत्र | | मौज्दात |
|---|---|---|---|---|---|---|---|
| | | | खर्च | खर्च (%) | खर्च | खर्च (%) | |
| १ | आर्थिक विकास | ६९,४१,४८,०००.०० | १०,४५,१९,०५८.३२ | १५.०६ | १९,८५,१६,१८१.०६ | २८.६ | ४९,५६,३१,८१८.९४ |
| १ | कृषि | ३,१८,००,०००.०० | ४,८९,८९९.९० | १.५४ | ७,५९,८९९.९० | २.३९ | ३,१०,४०,१००.१० |
| २ | उद्योग | ३,५६,७५,०००.०० | १८,७६,९६६.५८ | ५.२६ | ९१,८६,२६६.०७ | २५.७५ | २,६४,८८,७३३.९३ |
| ३ | पर्यटन | ३३,५३,७३,०००.०० | ८,४१,२०,७९८.५५ | २५.०८ | १६,६७,८९,१२३.६० | ४९.७३ | १६,८५,८३,८७६.४० |
| ४ | सहकारी | १,०५,००,०००.०० | ४,२२,३६७.०६ | ४.०१ | ६,०७,०७९.५६ | ५.७८ | ९८,९२,९२०.४४ |
| ५ | वित्तीय क्षेत्र | १७,७२,००,०००.०० | २३,२०,६६९.२३ | १.३१ | ३७,२३,३९०.९३ | २.१ | १७,३४,७६,६०९.०७ |
| ६ | जलश्रोत तथा सिंचाई | २,००,००,०००.०० | ०.०० | ० | ०.०० | ० | २,००,००,०००.०० |
| ७ | बन | ३५,००,०००.०० | ०.०० | ० | ९,८४,४१०.०० | २८.१३ | २५,१५,५९०.०० |
| ८ | पशुपन्छी विकास | ७,९५,००,०००.०० | १,५२,८८,३५७.०० | १९.२३ | १,६४,६६,०११.०० | २०.७१ | ६,३०,३३,९८९.०० |
| ९ | भूमि व्यवस्था | ६,००,०००.०० | ०.०० | ० | ०.०० | ० | ६,००,०००.०० |
| २ | सामाजिक विकास | ५,१९,७५,१३,०००.०० | ५९,८२,००,२१०.९८ | ११.५१ | १,५७,२५,००,४१२.८८ | ३०.२५ | ३,६२,५०,१२,५८७.१२ |
| १ | शिक्षा | २,७४,९४,२५,०००.०० | ४२,८७,५६,७४१.९० | १५.५९ | १,१५,१९,६३,६३१.९१ | ४१.९ | १,५९,७४,६१,३६८.०९ |
| २ | स्वास्थ्य | १,१०,६५,८०,०००.०० | ३,७६,३२,७६५.७६ | ३.४ | १२,२०,३१,२८८.९६ | ११.०३ | ९८,४५,४८,७११.०४ |
| ३ | खानेपानी तथा सरसफाई | १३,०४,२२,०००.०० | २,००,०९,२३२.८७ | १५.३४ | ४,६०,१६,७७०.१२ | ३५.२८ | ८,४४,०५,२२९.८८ |
| ४ | भाषा तथा संस्कृति | ३६,५९,६५,०००.०० | ६,२४,१९,६७६.४० | १७.०५ | १२,५४,६६,७७२.७२ | ३४.२८ | २४,०४,९८,२२७.२८ |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ३१,७३,०१,०००.०० | ३,४५,८१,६३६.१६ | १०.९ | ८,६०,१०,४८३.३२ | २७.११ | २३,१२,९०,५१६.६८ |
| ६ | युवा तथा खेलकुद | २५,५७,००,०००.०० | ६१,४२,७२०.७३ | २.४ | १,९५,६४,०२०.५० | ७.६५ | २३,६१,३५,९७९.५० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | २७,२१,२०,०००.०० | ८६,५७,४३७.१६ | ३.१८ | २,१४,४७,४४५.३५ | ७.८८ | २५,०६,७२,५५४.६५ |
| ३ | पूर्वाधार विकास | ११,५१,६९,३६,७१२.२१ | १,०९,७६,७८,१६८.९० | ९.५२ | २,४८,२२,४१,१९९.१५ | २१.५५ | ९,०३,४६,९५,५१३.०६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | यातयात पूर्वाधार | ३,६६,०२,२०,०७०.७६ | १८,५२,३५,४०४.०१ | ५.०५ | ४८,४३,९०,७७२.९२ | १३.२३ | ३,१७,५८,२९,२९७.८४ |
| २ | भवन, आवास तथा सहरी विकास | ५,१५,२५,३१,५२६.०० | ७९,५३,३४,६९३.२३ | १५.४४ | १,६७,९६,४८,१५७.७८ | ३२.६ | ३,४७,२८,८३,३६८.२२ |
| ३ | उर्जा | ५,९६,१२,५००.०० | ८७,८३,४५७.०७ | १४.७३ | २,९८,७५,४७८.१० | ५०.१२ | २,९७,३७,०२१.९० |
| ४ | संचार तथा सूचना प्रबिधि | ३,२०,००,०००.०० | १,१५,०३४.०० | ०.३६ | ३१,०४,२१५.०९ | ९.६९ | २,८८,९५,७८४.९१ |
| ५ | सम्पदा पूर्वाधार | २,३३,४९,८८,६१५.४५ | ८,०९,१९,५६८.९६ | ३.४७ | २०,९७,३२,२२७.७९ | ८.९८ | २,१२,५२,५६,३८७.६६ |
| ६ | बिज्ञान तथा प्रबिधि | १,७२,५५,०००.०० | ९,७६,६५९.०० | ५.६६ | ४७,१०,६२१.०९ | २७.३ | १,२५,४४,३७८.९१ |
| ७ | पुनर्निर्माण | २६,०३,२९,०००.०० | २,६३,१३,३५२.६३ | १०.११ | ७,०७,७९,७२६.३८ | २७.१९ | १८,९५,४९,२७३.६२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३,२४,०२,१०,६८०.७९ | २२,४७,६८,२७७.४६ | ६.९४ | ५७,२४,५०,९१२.४९ | १७.६७ | २,६६,७७,५९,७६८.३० |
| १ | वातावरण तथा जलवायु | १,४१,८४,५०,०००.०० | ६,६५,३७,८०४.६८ | ४.६९ | २३,०५,४२,८६२.४९ | १६.२५ | १,१८,७९,०७,१३७.५१ |
| २ | विपद व्यवस्थापन | १६,५३,१५,६८०.७९ | ३५,६८,२८९.४५ | २.१६ | १,६९,३७,१६६.५५ | १०.२५ | १४,८३,७८,५१४.२४ |
| ३ | मानब संशाधन विकास | ११,०७,००,०००.०० | १,८३,३६,१६०.२० | १६.५५ | ३,०१,७९,३०४.५५ | २७.२६ | ८,०५,२०,६९५.४५ |
| ४ | शान्ति तथा सुव्यवस्था | ५८,९०,७०,०००.०० | ६,८१,३९,०५५.०० | ११.५७ | ७,७५,८०,३२६.१६ | १३.१७ | ५१,१४,८९,६७३.८४ |
| ५ | परराष्ट्र | ७५,००,०००.०० | ६,४७,८१२.६६ | ८.६४ | ९,२६,३८९.८६ | १२.३५ | ६५,७३,६१०.१४ |
| ६ | कानुन तथा न्याय | ३,७१,००,०००.०० | ३४,४७,८०५.६६ | ९.२८ | १,०३,१२,६३८.४८ | २७.८ | २,६७,८७,३६१.५२ |
| ७ | शासन प्रणाली | ५१,६९,५०,०००.०० | २,१९,२०,९८७.७८ | ४.२४ | १०,९३,४४,५७७.४० | २१.१५ | ४०,७६,०५,४२२.६० |
| ८ | तथ्यांक प्रणाली | १७,००,०००.०० | १०,१००.०० | ०.५९ | २०,४२०.०० | १.२ | १६,७९,५८०.०० |
| ९ | गरिबी निवारण | ६,६५,००,०००.०० | ९२,७७,९४७.५० | १३.९५ | ९२,७७,९४७.५० | १३.९५ | ५,७२,२२,०५२.५० |
| १० | श्रम तथा रोजगारी | १०,००,०००.०० | ०.०० | ० | ०.०० | ० | १०,००,०००.०० |
| ११ | योजना तर्जुमा र कार्यन्वयन | २,५९,२५,०००.०० | २१,२७,६४७.५० | ८.२१ | ३६,००,९८३.५० | १३.८९ | २,२३,२४,०१६.५० |
| १२ | अनुगमन तथा मूल्यांकन | १,३१,००,०००.०० | १७,६१,७०१.०० | १३.४५ | २८,८५,३६६.७१ | २२.०३ | १,०२,१४,६३३.२९ |
| १३ | प्रशासकीय सुशासन | २८,१०,००,०००.०० | २,६७,२७,९५३.०३ | ९.५१ | ७,७२,१२,७६३.२९ | २७.४८ | २०,३७,८७,२३६.७१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | वित्तीय सुशासन | ५९,००,०००.०० | २२,६५,०१३.०० | ३८.३९ | ३६,३०,१६६.०० | ६१.५३ | २२,६९,८३४.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३,४३,६९,१३,६०७.०० | ६२,०१,२३,६७२.३४ | १८.०४ | १,८९,३९,८५,०२७.४९ | ५५.११ | १,५४,२९,२८,५७९.५१ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३,४३,६९,१३,६०७.०० | ६२,०१,२३,६७२.३४ | १८.०४ | १,८९,३९,८५,०२७.४९ | ५५.११ | १,५४,२९,२८,५७९.५१ |
| कुल जम्मा | | २४,०८,५७,२२,०००.०० | २,६४,५२,८९,३८८.०० | १०.९८ | ६,७१,९६,९३,७३३.०७ | २७.८९ | १७,३६,६०,२८,२६६.९३ |

## (१३) तोकिए बमोजिमको अन्य विवरण:

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा राखिएको छ ।

## (१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण ।

महानगरपालिकाले हरेक आर्थिक वर्षको लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका महानगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

## (१५) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:

काठमाडौं महानगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरु जानकारीको लागी काठमाडौं महानगरपालिकाको आफ्नै वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

## (१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:

नेपाल सरकार, बागमती प्रदेशबाट अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विस्तृत विवरण काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

## (१७) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगती प्रतिवेदन:

महानगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरु आ.व.२०८०/०८१ को बजेट, नीति तथा कार्यक्रम अर्न्तगत रहेको छ । सोको प्रगति प्रतिवेदन का.म.पा. वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१८) सार्वजनिक निकायको वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी:**

यस महानगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरुको वर्गिकरण नगरेको र त्यस्ता सूचनाहरु महानगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ ।

**(१९) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:**

नेपाली नागरिक,सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले महानगरपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ । मिति २०८०।१०।०१ देखि मिति २०८०।१२।३० गतेसम्ममा ३८ जना देहायका निवेदकहरुलाई सूचना उपलब्ध गराइएको छ ।

| सि.नं. | सूचना माग गर्ने व्यक्ति | सूचनाको विषय | कैफियत |
|---|---|---|---|
| १ | पर्शुराम आचार्य | सिसडोल ल्याण्डफिल्ड साइट प्रयोग गर्ने अनुमति पत्र निजी कम्पनीहरुलाई दिएको हो, होइन ? | सूचना उपलब्ध गराइएको । |
| २ | ताराबहादुर भण्डारी | पालिका वडा अध्यक्षको लागि भनेर कतिवटा मोटर साइकल खरिद गरिएको छ, मर्मत संभार खर्च र पेट्रोलबापत भुक्तान भएको रकम समेत । | सूचना उपलब्ध गराइएको । |
| ३ | जयन्ति विक्रम राणा | कामपा १५ वडा स्थित रोपवे मार्ग साझा पेट्रोल पम्प पछाडीको खोलामा राखिएको ह्युम पाइप सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ४ | मेनुका लम्साल | वडा नं २९ मा जेष्ठ नागरिक भावनको निर्माण कहिलेदेखि सुरु भएको हो ? समेत | सूचना उपलब्ध गराइएको । |
| ५ | मोनिका वाइबा | समता शिक्षा निकेतनको पाँच वर्ष देखिको अडिट रिर्पोट समेत | सूचना उपलब्ध गराइएको । |
| ६ | हरि नारायण श्रेष्ठ | का.म.पा गोरेटो बाटोको हकमा के कति मापदण्ड कायम गरिएको छ र घर र्निाण गर्दा कति फिट छोडेर निर्माण कार्य गर्नुपर्ने हुन्छ सोको प्रमाणित प्रतिलिपि | सूचना उपलब्ध गराइएको । |
| ७ | दिपक विक्रम मिश्र | का.म.पा मा नियमित रुप विदेशीहरु बस्ने गरेको देखिन्छ, विदेशीहरुको तथ्याङ्क राख्ने गरिएको छ ?समेत | सूचना उपलब्ध गराइएको । |

| | | | |
|---|---|---|---|
| ८ | यदुनाथ बञ्जारा | महानगरपालिकामा अस्थायी र करार सेवामा कार्यरत कर्मचारी कति रहेका छन्? कुन मितिबाट कार्यरत हुन्? समेत | सूचना उपलब्ध गराइएको । |
| ९ | मेनुका लम्साल | घर बहाल लिएर नतिरेको उजुरीको संख्या कति छ ? समेत | सूचना उपलब्ध गराइएको । |
| १० | हरि नारायण श्रेष्ठ | नापी कार्यालय, डिल्लीबजार को कि.नं. ७१ र १३ बिच अवस्थित गोरेटो बाटो मूल सडकको केन्द्र बिन्दुबाट कति मिटर छोडेर नर्माण गर्ने प्रावधान छ ? | सूचना उपलब्ध गराइएको । |
| ११ | जयन्ति विक्रम राणा | जडोल क्षेत्रमा ह्युम पाइप राखेको सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| १२ | प्रकाश कार्की | ०७८/७९ देखि हालसम्म पेश भएका सम्पूर्ण शिर्षकको प्रस्तावना विवरण समेत । | सूचना उपलब्ध गराइएको । |
| १३ | नगर प्रहरी नायब निरिक्षक नरेश कुवँरु समेत | तह बृद्धि सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| १४ | शारदा भुसाल | महालेखा परिक्षकको कार्यालय का.म.पा.को लेखापरिक्षण गरी वेवसाइटमा सार्वजनिक गरेको प्रत्येक वर्षको अलग अलग स्पष्ट जनिने, पेश्की र बेरुजु फर्छ्यौट प्रमाणको प्रतिलिपि समेत । | सूचना उपलब्ध गराइएको । |
| १५ | शान्तादेबी सुबेदी पराजुली | सामाखुशी खोला क्षेत्रको दायाँ वायाँ लगाइएको रातो चिन्ह सम्बन्धी यथार्थ सूचनाको माग । | सूचना उपलब्ध गराइएको । |
| १६. | शशि विक्रम कार्की | रत्नपार्कस्थित शान्तिवाटिका पार्कको विषयमा | सूचना उपलब्ध गराइएको । |
| १७. | शशि विक्रम कार्की | का.म.पा.को श्रीमान् प्रमुखज्यू र श्रीमान् उपप्रुखज्यूको भेटवार्ता सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| १८. | जयन्ति विक्रम राणा | जडोल क्षेत्रमा ह्युम पाइप राख्ने सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| १९. | टोपेन्द्र रोका मगर | महानगरपालिका प्रविधियुक्त बनाउन गरेका कार्यहरु | सूचना उपलब्ध गराइएको । |
| २०. | हरि नारायण श्रेष्ठ | सम्मानित उच्च अदालत पाटनद्वारा कारण देखाउ आदेश सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| २१ | नसिमा खान | न्यायिक समितिबाट भएको फैसलाको प्रतिलिपि पाऊँ सम्बन्धमा | सूचना उपलब्ध गराइएको । |
| २२ | हरि माया घिमिरे | समूह र पद अनुसार जिम्मेवारी दिएको, नदिएको प्रमाणित सूचना पाऊँ समेत | सूचना उपलब्ध गराइएको । |
| २३ | शशि विक्रम कार्की | श्रीमान् प्रमुखज्यूले भेटवार्ता गरेको व्यक्तिको तथ्याङ्क । | सूचना उपलब्ध गराइएको । |

| | | | |
|---|---|---|---|
| २४. | राजुप्रसाद चापागाईं | फुटपाथ तथा सार्वजनिक स्थानमा व्यापार व्यवसाय गर्ने व्यक्तिको सम्पत्ति जपत बारे सूचना पाऊँ । | सूचना उपलब्ध गराइएको । |
| २५. | युवराज भट्टराई | काठमाडौं महानगरपालिकामा बालेन्द्र शाह प्रमुखज्यूको पदभार ग्रहण गरेपछि सचिवालयमा नियुक्तः भएका करार तथा स्थायी कर्मचारी संख्या नियुक्त भएको मिति समेत । | सूचना उपलब्ध गराइएको । |
| २६. | राजु प्रसाद चापागाईं | फुटपाथ तथा सार्वजनिक स्थानमा व्यापार गर्नेहरुको जफत गरिएको सामानको लगतमा सम्वन्धित धनिको नाम ठेगाना जनाउने गरिएको छ छैन, लगतको ढाँचा सम्बन्धी जानकारी समेत । | सूचना उपलब्ध गराइएको । |
| २७. | रुकशना कपाली | समय समयमा सूचना तथा विवरणको मागको दर्ताको प्रमाणित प्रतिलिपि पाऊँ । | सूचना उपलब्ध गराइएको । |
| २८. | दीपक परियार | कवाडजन्य सामाग्री समेत व्यवसाय गर्ने पसल हटाउने विषयमा प्रकाशित सूचनाहरु ) | सूचना उपलब्ध गराइएको । |
| २९. | शुभम भण्डारी | आ.व. २०८०/८१ को बजेटको शिर्षक समेत | सूचना उपलब्ध गराइएको । |
| ३०. | मन्दीरा घिमिरे | महानगरपालिका प्रमुखज्यूको आवास पुनः निर्माण गर्दा विभिन्न शिर्षकमा लागेको कुल खर्चको स्तिृत विवरण समेत | सूचना उपलब्ध गराइएको । |
| ३१. | अस्मिता कुमारी खड्का | नर्भिक इन्टरनेशनल हस्पिटलको थापाथलीस्थित भवन संरचना सम्बन्धी सर्वोच्च अदालतमा भएका दुई वटा र मेयर इजलासमा भएको एक वटा मुद्धाको मिसिल फाइलको प्रमाणित प्रतिलिपि समेत । | सूचना उपलब्ध गराइएको । |
| ३२. | यदुनाथ बञ्जारा | महानगरमा कति अस्थायी र करार सेवामा कार्यरत कर्मचारी रहेका छन्? समेत | सूचना उपलब्ध गराइएको । |
| ३३. | धर्मलाल सुनार | का.म.पा १० थापागाउँमा रहेको पुष्प नगर मार्गको (सिडियो टोल) सभ्य सडक भत्काउनुको कारण समेत | सूचना उपलब्ध गराइएको । |
| ३४. | प्रसन्न पराजुली | मनहरा जग्गा एकिकरण आयोजनाको सुरुवाती काल देखि हाल सम्मको विस्तृत प्रगति विवरण | सूचना उपलब्ध गराइएको । |
| ३५. | सविता सुवेदी | २०८० श्रावण देखि २०८० फागुन मसान्तसम्मको नक्सापास विवरण (कित्ता नं २ वडा खुलेको) उपलब्ध गराई पाऊँ  सम्बन्धमा । | सूचना उपलब्ध गराइएको । |
| ३६. | राम प्रसाद दाहाल | का.पा प्रमुखको इजलासबाट २०७८/१२/२९ मा का.म.पा-०७ को श्री राम प्रसाद गौतमले लगाएको पर्खाल भत्काउने सम्बन्धी निर्णय कार्यान्वयन नि हुन नसकेको हो ? | सूचना उपलब्ध गराइएको । |
| ३७. | मन्दीरा घिमिरे | महानगरपालिकाले पछिल्लो समय अनुगमन गरेको सहकारीको नाम र कुन ठाउँमा छ र अनुगमन गरेको मिति सहितको सुचि समेत | सूचना उपलब्ध गराइएको । |

| | | | |
|---|---|---|---|
| ३८. | इश्वरा तिवारी | यस पालिकाभित्र कति प्रकारका कति वटा वन छन् र ती मध्ये उपभोक्ता समितिको सूचना अधिकारीको नाम सम्पर्क नम्बर पाऊँ समेत । | सूचना उपलब्ध गराइएको । |
| ३९. | शशि विक्रम कार्की | राष्ट्रिय सूचना आयोगबाट आदेश कार्यान्वयन सम्बन्धमा । | सूचना दिएको भनि प्रमणित विवरण राष्ट्रिय सूचना आयोगमा दर्ता गराएको |

२०) **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण :** महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण काठमाडौँ महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np राख्ने गरिएको छ । मेट्रो एफ.एम., काठमाडौँ महानगरपालिकाको बुलेटिन र नेपाल टेलिभिजनमा हाम्रो काठमाडौँ र नेपाल मण्डल कार्यक्रम मार्फत समेत महानगरपालिका सम्बन्धी सूचना, तथ्याङ्क र गतिविधिहरु सार्वजनिक भैरहेका छन् ।